# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ कोशी प्रदेश, नेपाल

# आन्तरिक आय संकलन सम्बन्धी ठेक्का आव्हानको सूचना ।

( प्रथम प्रकाशित मितिः २०८०/०२/३१ )

यस केराबारी गाउँपालिका अन्तर्गत निम्न लिखित विषयमा आ.व. २०८०/०८१ को आन्तरिक आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म, कम्पनीहरुले तपसिल बमोजिमको सेवा सर्तको अधिनमा रही निम्न लिखित समयावधि भित्र आवेदन गर्नुहुन सूचना प्रकाशित गरिएको छ। राजश्व ठेक्का १ र २ अनलाईन **PPMO** को वेवसाइट **www.bolpatra.gov.np./egp** मार्फत दर्ता गर्नुहुन सम्पुर्णलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| सी. नं | ठेक्का नं | ठेक्का विवरण | न्युनतम ठेक्का रकम (मु.अ. कर सहित) | फारमदस्तुर (फिर्ता नहुने) | आवेदन दिने मिति र खोल्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/राजस्व (०८०।०८१) | सडक उपयोग कर (केराबारी-खोसनि,आमजुङ्गी-विराटचौक,डाँगी-सून्दरपुर, चोक्टी-धरान,देविझोडा-लालभित्ति,भलुवा-बेलबारी ना | ६५,०२,२५८।- | रु ३,००० | २९ असार २०८० दिनको १२ बजे र खोल्ने सोहि दिनको १ बजे | NCB Online |
| २ | २/राजस्व (०८०।०८१) | जडिबुटी,कृषि, वनजन्य,क जिवजन्तु कर (निकासी कर संकलन) | ५,८४,२१०।- | रु १,००० | १४ असार २०८० दिनको १२ बजे र खोल्ने सोहि दिनको १ बजे | SQ Online |
| ३ | ३/राजस्व (०८०।०८१) | मंगलवारे साप्ताहिक हटिया | १,६५,११०।- | रु १,००० | १४ असार २०८० दिनको १२ बजे र खोल्ने सोहि दिनको १ बजे | SQ Hard Copy ( कार्यालय मार्फत बिक्री ) |

विस्तृत सूचना,शर्त र जानकारीको लागी केराबारी गाउँपालिकाको website:www.kerabarimun.gov.np र PPMO को वेवसाइट www.bolpatra.gov.np./egp मा हेर्नुहोला ।थप जानकारीको लागि केराबारी गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला । सम्पर्क नं ०२१-४०३११०

प्रमुख प्रशासकीय अधिकृत

## ठेक्का सम्बन्धि आवश्यक शर्तहरु  (सडक उपयोग कर)

१. माथि उल्लेखित ठेक्काबाट कर दस्तुर असूल गर्दा केराबारी गाउँपालिकाले तोकिएको नाका बाट तोकिएको दरमा मात्र असूल गर्नुपर्नेछ ।

२. कर असूली दररेट एवं ठेक्कापट्टाको शर्तहरु बोलपत्र साथ उपलब्ध गराइने छ।

३. ठेक्काको अवधि ठेक्का सम्झौता भएको दिन देखि २०८१ असार मंसान्त सम्मको लागि मात्र हुने छ ।

४. शिलबन्दि बोलपत्र पेश गर्दा **फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा नविकरण ,मु.अ. कर दर्ता प्रमाणपत्र, आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र** पेश गर्नुपर्नेछ । नगद जमानत

**रकम कबोल गरेको मु.अ. कर सहितको अंकको ५% रकम** केराबारी गाउँपालिकाको नाममा रहेको एन.आइ.सी एशिया बैंक केराबारी शाखाको खाता नं **०५६२०५६५०१४२३००८ धरौटी खातामा** जम्मा गरी सोको स्क्यान गरि अनलाइन मार्फत भौचर पेश गर्नु पर्ने छ, **बैंक जमानतको हकमा १२० दिन अवधिको हुनुपर्ने छ जसमा दरभाउपत्रको मान्य अवधि ९० दिनको हुनेछ।** साथै बोलपत्र फारम खरिदको लागी केराबारी गाउँपालिकाको एन आईसि एसिया वैंक केराबारी शाखाको **ग १.१ आन्तरिक राजश्व खाता ०५६२०५६५०१४२३००२ (कार्यालय कोडः ८०१०११३१२, राजश्व शिर्षक नं १४२२९) मा वा कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङ (कार्यालय कोडः ३०५०११३०१, राजश्व शिर्षक नं १४२२९) को खातामा जुनसुकै वैंक मार्फत नगद रु ३००० (तिन हजार)** जम्मा गरी सोको स्क्यान गरि अनलाइन मार्फत भौचर पेश गर्नु पर्ने छ ।

५.दर्ता भएका बोलपत्र मध्ये अधिकतम मुल्याङ्कित सारभुत रुपमा प्राभावग्राही बोलपत्र छनौट गरिनेछ ।

६.ठेक्का स्विकृत भएको बोलपत्रदाताले संझौता गर्न अगावै ठेक्का रकम मुअ कर सहित एकमुष्ठ बुझाउनु पर्ने छ ।

७.बोलपत्र स्वीकृत भएको १५ दिन भित्र संझौता गरी सक्नुपर्नेछ, उक्त अवधिमा संझौता गर्न नआएमा नियम अनुसार कार्यवाही अगाडी बढाइनेछ ।

८.ठेकेदारले नेपाल सरकार तथा केराबारी गाउँपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस गाउँपालिका र ठेकेदार बीच ठेक्काको विषयमा
विवाद भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

९.केराबारी गाउँपालिकालाई बुझाउनु बाँकी रहेका तथा कालो सूचिमा परेकाहरुको हकमा कानुन बमोजिम हुनेछ ।

१०.ठेक्काबोल गर्ने ठेकेदारले केराबारी गाउँपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु गाउँपालिकाबाट कार्यालय प्रमुख वा
निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणितबाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियम अनुसार कारवाही चलाइनेछ।

११.बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

१२.एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१३.यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

१४.कर असूलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ बोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरी अनिवार्य रुपमा राख्नुपर्नेछ ।

१५.कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।

१६.कुनै सर्त सहिदको बोलपत्र स्वीकृत हुने छैन ।

**१७.यस केराबारी गाउँपालिकाले तोकेको कर भन्दा बढी रकम असूल गरेमा वा संझौतामा उल्लेखित भए बाहेकका मालबस्तुमा कर सेवासूल्क दस्तुर असूल गरेमा वा दोहोरो हुने**
**गरी कर लिएमा कानुन बमोजिम कार्यवाही गरिनेछ।**

१८.ठेक्का स्विकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

१९. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मोरङ कोशी प्रदेश, नेपाल

केराबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ,कोशी प्रदेश, नेपाल

## आ.व. २०८०।०८१ मा संकलन गर्नुपर्ने सडक उपयोग शुल्कको दररेटहरु ।

| क्र.स. | सावारीसाधनको नाम | परिमाण | दर( मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | हाइवा,लहरी | प्रति पटक | ९५ |
| २ | ट्रिपर,ट्रक | प्रति पटक | ६० |
| ३ | बस | प्रति दिन | ३५ |
| ४ | ट्याक्टर, पिकअप | प्रति पटक | ३० |
| ५ | कार, जिप, भ्यान | प्रति पटक | २५ |
| ६ | ट्याम्पो, सिटि सफारी | प्रति पटक | १० |

पुनश्च: स्वदेशी वाहेकका माथि उल्लेखित सवारीसाधनहरुको दरमा थप ५०% शुल्क हसुल गर्न सकिनेछ ।

नगद जमानत रकम कबोल गरेको मु.अ.कर सहितको अंकको ५ % रकम केराबारी गाउँपालिकाको नाममा रहेको एन.आई.सि. एसिया बैंक केराबारी शाखाको खाताको खाता नं ०५६२०५६५०१४२३००८ धरौटी खातामा जम्मा गरी सोको स्क्यान गरी अनलाइन मार्फत भौचर पेश गर्नु पर्ने छ । वैंक जमानतको हकमा १२० दिन अवधिको हुनुपर्ने छ जसमा बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत